टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
कार्यालय कोड नं. ८०१०७७७०५

## भ्रमण प्रतिवेदन

**भ्रमण आदेश नं.** **१४६, १४७ र १४८**

भ्रमण टोली प्रमुख: **नन्द बहादुर के.सि. (अधिकृत छैठौं)**

भ्रमण अवधि : **मिति २०८२।०८।२८ गते देखि २०८२।०९।०५ गते सम्म**

भ्रमणको उद्देश्य :

| |
|---|
| **करदाता सेवा कार्यालय लम्की कैलालीमा एकिकृत कर प्रणाली सम्बन्धी अभिमुखिकरण तालिममा सहभागि हुन ।** |

सम्पादित मुख्य मुख्य काम

| |
|---|
| * करदाता सेवा कार्यालयले आयोजना गरेको एकिकृत कर प्रणाली सम्बन्धी अभिमुखिकरण तालिममा ७ दिन सम्म सहभागी भएको ।<br>* www.ird.gov.np को पोर्टल चलाउन सिकेको । |

सिकाइ तथा उपलब्धि

| |
|---|
| * व्यक्तिगत स्थायी लेखा नम्बर (PAN CARD) जारी गर्न,<br>* व्यवसायिक स्थायी लेखा नम्बर रुजु गर्न, जारी गर्न, शंशोधन गर्न र प्रिन्ट गर्न,<br>* स्थायी लेखा नम्बरमा बायोमेट्रिक गरी फोटो, हस्ताक्षर तथा अन्य कागजात अपलोड गर्न । |

सारांश तथा सुझावहरू

| |
|---|
| |

**भ्रमण पुष्टि गर्ने संलग्न कागजातको विवरण**

१ भ्रमण आदेश
२ सो सम्बन्धी कागजातहरु

**भ्रमणमा जाने कर्मचारीहरुको नाम**

अधिकृत छैठौं नन्द बहादुर के.सि.
सहायक पाँचौ विन्द्रा उपाध्याय
एम.आई.एस.अपरेटर रामा चौधरी

# विस्तृत भ्रमण प्रतिवेदन

## पृष्ठभूमि

करदाता सेवा कार्यालय नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गतको आन्तरिक राजस्व विभाग (Inland Revenue Department – IRD) को मातहतमा स्थापना गरिएको कार्यालय हो। यस कार्यालयको स्थापना कर प्रशासनलाई सरल, पारदर्शी, प्रभावकारी र करदातामैत्री बनाउने उद्देश्यले गरिएको हो। कर प्रणाली सुधार तथा करदातालाई एकै स्थानबाट सेवा प्रदान गर्ने अवधारणाका साथ करदाता सेवा कार्यालयहरू स्थापना गरिएका हुन्। यसले परम्परागत कर संकलन प्रणालीलाई आधुनिकीकरण गर्दै एकीकृत कर प्रशासन प्रणाली लागू गर्न सहयोग पुऱ्याएको छ। सूचना प्रविधिको प्रयोगमार्फत कर दर्ता, विवरण पेश, कर भुक्तानी र परामर्श सेवाहरू सहज बनाउने लक्ष्य लिइएको छ। समग्रमा, करदाता सेवा कार्यालयले करदाता र कर प्रशासनबीचको सेतुको रूपमा काम गर्दै सुशासन, वित्तीय अनुशासन र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२।०७।१७ गतेको निर्णयानुसार करदाता सेवा कार्यालय, लम्की खारेज भएको तथा उक्त करदाता सेवा कार्यालयबाट सम्पादन हुने कार्यहरु स्थानीय तहबाट सम्पादन गर्न स्थानीय तहका कर्मचारीहरुलाई प्रशिक्षण गरी क्षमता विकास गराउनुपर्ने र कार्य हस्तान्तरण समेत हुने भएकाले करदाता सेवा कार्यालय लम्कीबाट मिति २०८२।०८।२८ गतेदेखि सञ्चालन भएको एकीकृत कर प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यक्रममा एक जना अधिकृत स्तरको कर्मचारी श्री नन्द वहादुर के.सि. र २ जना सहायक स्तरको कर्मचारी श्री विन्द्रा उपाध्याय र श्री रामा चौधरी गरी जम्मा ३ जना कर्मचारीहरु सहभागी भएका थिए ।

## भ्रमणको उद्देश्य

मिति २०८२।०८।२८ गते देखि २०८२।०९।०५ गतेसम्म लम्की स्थित करदाता सेवा कार्यालयमा एकिकृत कर प्रणाली सम्बन्धी अभिमुखीकरण प्रशिक्षण कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

- एकिकृत कर प्रणाली सम्बन्धी अभिमुखीकरण प्रशिक्षणमा सहभागी हुने,
- करदाता सेवा कार्यालय लम्कीबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी लिने,
- करदातालाई सहज, छिटो र गुणस्तरीय सेवा उपलब्ध गराउने,

- करदाताको स्वेच्छिक कर अनुपालन बढाउने,
- आयकर, मूल्य अभिवृद्धि कर (VAT) लगायत आन्तरिक राजस्वको प्रभावकारी व्यवस्थापन गर्ने,
- कर चुहावट न्यूनीकरण गर्दै सरकारी राजस्व अभिवृद्धि गर्ने,

सम्पादित कार्यहरु

सम्पादित मुख्य मुख्य क्रियाकलापहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- सेवाका प्रकारहरुको बारेमा जानकारी तथा सेवा प्रवाह सम्बन्धी जानकारी भएको,
- स्थायी लेखा नम्बर (PAN) र VAT दर्ता गर्ने,
- आयकर तथा VAT विवरण (Return) पेश गराउने,
- कर भुक्तानी, प्रमाणपत्र तथा करसम्बन्धी परामर्श सेवा,
- आन्तरिक राजश्व विभागको वेवसाइट www.ird.gov.np बाट व्यक्तिगत तथा अफिसर पोर्टलको बारेमा जानकारी भएको,
- स्थानीय तहबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी भएको ।

सिकाइ उपलब्धी

मिति २०८२।०८।२८ गते देखि २०८२।०९।०५ गतेसम्म एकिकृत कर प्रणाली सम्बन्धी अभिमुखीकरण प्रशिक्षणको क्रममा भएका सिकाई उपलब्धीहरु निम्नानुसार उल्लेख गरिएको छन् :

- व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान कार्ड) जारी गर्न सिकियो,
- व्यवसायिक स्थायी लेखा नम्बर रुजु गर्न, जारी गर्न, शंशोधन गर्न तथा प्रिन्ट गर्न सिकियो,
- स्थायी लेखा नम्बरमा बायोमेट्रिक गरी फोटो, हस्ताक्षर तथा कागजात अपलोड गर्न सिकियो,
- एकीकृत कर प्रणालीको अवधारणा, उद्देश्य र महत्वबारे स्पष्ट बुझाइ,
- आयकर, मूल्य अभिवृद्धि कर (VAT), भन्सार तथा अन्य करहरूबीचको अन्तरसम्बन्धको ज्ञान,
- कर प्रशासनलाई सरल, पारदर्शी र प्रभावकारी बनाउने प्रक्रियाको जानकारी,
- करदाताको दायित्व, अधिकार र कर अनुपालनको महत्वबारे चेतना,
- अनलाइन कर दर्ता, विवरण पेश गर्ने (return filing) र भुक्तानी प्रक्रियाको व्यवहारिक ज्ञान,
- कर चुहावट न्यूनीकरण र राजस्व वृद्धि गर्न एकीकृत प्रणालीको भूमिकाको बुझाइ,

- सरकारी सेवा प्रवाहमा प्रविधिको प्रयोग र डिजिटल कर प्रणालीको उपयोग,
- कर प्रणाली सुधारले आर्थिक विकास र सुशासनमा पुऱ्याउने योगदानको बारेमा जानकारी प्राप्त भयो ।

**सारांश तथा सुझावहरु**

करदाता सेवा कार्यालय आन्तरिक राजस्व प्रशासनलाई करदातामैत्री, पारदर्शी र प्रविधिमैत्री बनाउने उद्देश्यले स्थापना गरिएको महत्वपूर्ण निकाय हो। यसले PAN/VAT दर्ता, कर विवरण पेश, कर भुक्तानी तथा परामर्श सेवामार्फत करदातालाई एकीकृत सेवा प्रदान गर्दै आएको छ। एकीकृत कर प्रणालीको कार्यान्वयनले कर प्रशासनलाई सरल बनाउनुका साथै स्वेच्छिक कर अनुपालन वृद्धि, कर चुहावट न्यूनीकरण र राजस्व अभिवृद्धिमा सकारात्मक योगदान पुऱ्याएको छ। समग्रमा, करदाता सेवा कार्यालयले करदाता र राज्यबीच विश्वासको सम्बन्ध सुदृढ गर्ने महत्वपूर्ण भूमिका खेलेको छ।

- एकिकृत कर प्रणाली सम्बन्धी अभिमुखीकरण कार्यालयभन्दा बाहिर हुँदा कार्यालयको कामकाजमा बाधा पर्ने भएको हुँदा अगामी दिनमा यस्ता तालिम तथा अभिमुखीकरण न.पा.कार्यालयको हलमा सञ्चालन हुनुपर्ने,
- करदाता सेवा कार्यालय लम्कीमा छोटो समयमा अभिमुखीकरण गरिएको हुँदा उक्त तालिम आगामी दिनमा पनि सञ्चालन गर्नुपर्ने,
- करदातामाझ करसम्बन्धी जानकारी बढाउन नियमित करदाता शिक्षा तथा अभिमुखीकरण कार्यक्रम विस्तार गर्नुपर्ने,
- अनलाइन प्रणालीलाई अझ प्रभावकारी, प्रयोगमैत्री र सुरक्षित बनाउने,
- सेवा प्रवाहलाई छिटो बनाउन कर्मचारीको क्षमता विकास तथा तालिम निरन्तर प्रदान गर्ने,
- दुर्गम क्षेत्रका करदातालाई लक्षित गरी मोबाइल सेवा वा डिजिटल पहुँच विस्तार गर्ने,
- करदाताका गुनासा र सुझाव सुन्न प्रभावकारी गुनासो व्यवस्थापन प्रणाली सुदृढ गर्ने,
- कर अनुपालनलाई प्रोत्साहन गर्न प्रोत्साहन र सहजीकरणका नीति अवलम्बन गर्ने।

प्रतिवेदक
रामा चौधरी
एम.आई.एस.अपरेटर

टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

कार्यालय कोड नं. ८०१०७७७०५

## भ्रमण प्रतिवेदन

**भ्रमण आदेश नं.** १५०

**भ्रमण टोली प्रमुख:**

**भ्रमण गर्ने अवधि:** **मिति २०८२।०९।११ गते देखि २०८२।०९।१५ गते सम्म**

**भ्रमणको उद्देश्य :**

| |
|---|
| **Start and Improve Your Business (SIYB) तालिममा सहभागी हुने ।** |

सम्पादित मुख्य मुख्य काम

| |
|---|
| व्यवसाय सुधार र विस्तार तालिम, पाठ्यक्रममा सुधार भएका विषयवस्तुहरुको वारेमा, व्यावसायिक योजना । |

सिकाइ तथा उपलब्धि

| |
|---|
| व्यवसाय सुधार र विस्तार तालिमको बारेमा जानकारी भएको । पाठ्यक्रममा सुधार भएका विषयवस्तुहरुको वारेमा जानकारी भएको। व्यावसायिक योजनाको वारेमा छलफल गरियो। |

सारांश तथा सुझावहरू

| |
|---|
| |

**भ्रमण पुष्टि गर्ने संलग्न कागजातको विवरण**

१ भ्रमण आदेश
२ सो सम्बन्धी कागजातहरु

.....................................

भ्रमणमा जाने पदाधिकारी /कर्मचारी

**नाम : रिमा चौधरी**

**पद : सहायक चौथो**

म.ले.प.फा.नं. ९०९

टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

कार्यालय कोड नं. ८०१०७७७०५

## भ्रमण प्रतिवेदन

**भ्रमण आदेश नं.** १४८

भ्रमण टोली प्रमुख:

भ्रमण गर्ने अवधि: **मिति २०८२।०९।११ गते देखि २०८२।०९।१५ गते सम्म**

भ्रमणको उद्देश्य :

| |
|---|
| **Start and Improve Your Business (SIYB) तालिममा सहभागी हुने ।** |

सम्पादित मुख्य मुख्य काम

| |
|---|
| व्यवसाय सुधार र विस्तार तालिम, पाठ्यक्रममा सुधार भएका विषयवस्तुहरुको वारेमा, व्यावसायिक योजना । |

सिकाइ तथा उपलब्धि

| |
|---|
| व्यवसाय सुधार र विस्तार तालिमको बारेमा जानकारी भएको । पाठ्यक्रममा सुधार भएका विषयवस्तुहरुको वारेमा जानकारी भएको। व्यावसायिक योजनाको वारेमा छलफल गरियो। |

सारांश तथा सुझावहरू

| |
|---|
| |

**भ्रमण पुष्टि गर्ने संलग्न कागजातको विवरण**

१ भ्रमण आदेश
२ सो सम्बन्धी कागजातहरु

.............................................

भ्रमणमा जाने पदाधिकारी /कर्मचारी

**नाम : मिना आचार्य**

**पद : सहायक चौथो**

# विस्तृत भ्रमण प्रतिवेदन

## पृष्ठभूमी

यस टीकापुर नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा संघीय सरकारको सशर्त अनुदान तर्फ समावेश भएको गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम मेडपा मोडेल अनुसार नयाँ लघु उद्यमी सृजना तर्फ सामाजिक परिचालन, उद्यमशिलता विकास तालिम प्रविधिक सिप विकास तालिम प्रविधि हस्तान्तरण लघु कर्जामा पहुच र बजार तथा बजारीकरण सहित ६ चरणमा काम गर्दै आएको छ । विषेशगरी यस कार्यक्रमको मुख्य उदेश्य विपन्न वर्ग दलित जनजाती पिछडीएका वर्गहरुलाई आत्म निर्भर वनाउने र स्वरोजगार वनाउनुका साथै गरिवी न्यूनिकरण गर्नु रहेको छ ।

यस गरिवी निवारणका लिग लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी र उत्साहित गर्नका लागि यस पालिकामा कार्यरत २ जना उद्यम विकास सहजकर्ताहरुका लागि ३ दिने start and impeove your Business (SIYB) तालिमको आयोजना गरिएको थियो ।

## भ्रमणको उदेश्य

मिति २०८२।०९।१२ गते देखी २०८२।०९।१४ गतेसम्म सञ्चालित start and impeove your Business (SIYB) सम्बन्धी ३ दिने तालिमका उधेश्यहरु देहाय बमोजिम रहेका छन् ।

- **start and impeove your Business (SIYB) तालिममा सहभागी हुने ।**
- पाठ्यक्रममा थपघट भएका विषयवस्तुहरुको बारेमा जानकारी लिने ।
- व्यवसाय सुधार तथा विस्तार गर्न चाहने उध्यमीहरुको व्यवसायिक योजना निर्माण गर्ने ।
- व्यवसाय सुरु गर्न चाहने उध्यमीहरुकालागी खेल मोडल १ र २ को बारेमा प्रयोगात्म अभ्यास सहित छलफल ।
- व्यवसाय सुधार तथा विस्तार गर्न चाहने उध्यमीहरुकालागी खेल मोडल ३ र ४ को बारेमा प्रयोगात्म अभ्यास सहित छलफल ।
- सु व्यवस्थित कार्यस्थल निर्माण गर्न अपनाउनुपर्ने कृयाकलापहरुको बारेमा छलफल ।

## सिकाइ उपलब्धी

मिति २०८२।०९।१२ गते देखी २०८२।०९।१४ गतेसम्म सञ्चालित start and impeove your Business (SIYB) सम्बन्धी ३ दिने तालिममा भएका सिकाई उपलब्धीहरु निम्नानुसार रहेका छन् ।

- पाठ्यक्रममा थपघट भएका विषयवस्तुहरुको बारेमा जानकारी प्राप्त गरी सोही बमोजीम आगामी कार्यक्रम सञ्चालन गर्ने ।
- व्यवसाय सुधार तथा विस्तार गर्न चाहने उध्यमीहरुको व्यवसायिक योजना निर्माण प्रकृया बारे जाकारी प्राप्त गरीयो ।
- व्यवसाय सुरु गर्न चाहने उध्यमीहरुकालागी खेल मोडल १ र २ को बारेमा प्रयोगात्म अभ्यास गरी ज्ञान हासिल गरीयो ।

- व्यवसाय सुधार तथा विस्तार गर्न चाहने उध्यमीहरुकालागी खेल मोडल ३र ४ को बारेमा प्रयोगात्म अभ्यास गरी ज्ञान हासिल गरीयो ।
- सु व्यवस्थित कार्यस्थल निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरुबारे जानकारी प्राप्त गरीयो ।
- व्यवसायमा लेखा व्यवस्थापनका चरणहरु बारे जानकारी प्राप्त भयो ।

**साराश तथा सुझावहरु**

गरिवी निवारणकालागी लघु उधम विकास कार्यक्रम मेडपा अन्तर्गत सञ्चलित कार्यक्रम लाई थप प्रभावकारी बनाउने हेतुले सञ्चालित यस कार्यक्रमले उध्यम विकास सहजकर्ताहरुको क्षमता विकास गर्न निकै सहयोग पुर्याएको छ । यो कार्यक्रम सञ्चालनको लागी समय ३ दिन अपुग भएको महसुस गरीयो ।

प्रतिवेदक
मिना आचार्य
रिमा चौधरी
उद्‌यम विकास सहजकर्ता
मिति २०८२।०९।२१

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
दर्ता नं. ६५८
मिति: ०८२/१२/२०

# विस्तृत भ्रमण प्रतिवेदन

## पृष्ठभूमि

नेपालमा सामाजिक सुरक्षा भत्ता (Social Security Allowance) राज्यले नागरिकलाई दिने एउटा महत्त्वपूर्ण कल्याणकारी कार्यक्रम हो, जसले समाजका कमजोर, असहाय र जोखिममा रहेका वर्गलाई आर्थिक तथा सामाजिक सुरक्षा प्रदान गर्छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको दीर्घकालिन योजनाको आधारमा नेपाल सरकार र विश्व बैंक वीच भएको सम्झौता अनुसार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियालाई थप पारदर्शी र व्यवस्थित बनाउनका लागि VERSPMIS र NID–MIS वीच आवद्धता भएको तथा वायोमेट्रिक डिभाइसको माध्यमवाट लाभग्राहीहरुको दर्ता, पहिचान तथा नवीकरण गरी सहजता कायम गर्नका लागि आवश्यक पर्ने IRIS Device संचालन, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ का विषय तथा व्यक्तिगत घटना दर्ता सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको मिति २०८२/१२/१० संचालन भएको अभिमुखिकरण तालिममा १ जना MIS Operator श्री कुस्माखर जैसी र १ जना पञ्जीकरण शाखामा कार्यरतशाखा प्रमुख कर्मचारी श्री चेत वहादुर वोहरा गरी जम्मा २ जना कर्मचारीहरु  उपस्थित भएका थिए।

## भ्रमणको उद्देश्य

मिति २०८२/१२/१० गते धनगढी-३, चटकपुर स्थित होटल सितार एण्ड रेष्टुरेन्ट प्रा.लि.मा IRIS Device संचालन, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ का विषय तथा व्यक्तिगत घटना दर्ता सम्बन्धमा अभिमुखिकरण तालिम कार्यक्रमका उद्देश्यहरु देहाय वमोजिम रहेका छन।

- IRIS Device संचालन, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ का विषय तथा व्यक्तिगत घटना दर्ता सम्बन्धमा अभिमुखिकरण तालिम कार्यक्रममा सहभागी हुने,
- सही लाभग्राही पहिचान : औंठाछाप वा अनुहार पहिचानमार्फत वास्तविक व्यक्ति नै भत्ता लिन आएको हो भन्ने सुनिश्चित गरिन्छ। यसले नक्कली वा दोहोरो लाभग्राही हटाउन मद्दत गर्छ।
- भ्रष्टाचार र अनियमितता नियन्त्रण : अरूको नाममा भत्ता लिने, मृत व्यक्तिको नाममा रकम उठाउने जस्ता समस्या न्यूनीकरण हुन्छन्।
- सेवा वितरणमा पारदर्शिता : डिजिटल प्रमाणीकरणका कारण भत्ता वितरण प्रक्रिया स्पष्ट र ट्र्याक गर्न मिल्ने हुन्छ।
- छिटो र सहज भुक्तानी : बैंक वा वित्तीय संस्थामार्फत बायोमेट्रिक प्रमाणीकरण गरेर छिटो भुक्तानी गर्न सकिन्छ, जसले लाइन र झन्झट कम गर्छ।

- अभिलेख व्यवस्थापन सुधार : लाभग्राहीहरूको डिजिटल डाटा सुरक्षित रूपमा राख्न सकिन्छ, जसले दीर्घकालीन व्यवस्थापनलाई सहज बनाउँछ ।
- पहुँच विस्तार : दूरदराज क्षेत्रमा पनि मोबाइल बायोमेट्रिक उपकरण प्रयोग गरेर घरदैलोमै सेवा दिन सकिने सम्भावना हुन्छ।

## सम्पादित कार्यहरु

मिति २०८२/१२/१० गते धनगढी-३, चटकपुर स्थित होटल सितार एण्ड रेष्टुरेन्ट प्रा.लि.मा IRIS Device संचालन, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ का विषय तथा व्यक्तिगत घटनादर्ता सम्बन्धमा अभिमुखिकरण तालिमका मुख्य क्रियाकलापहरु तपसिल अनसार छन् ।

- सामाजिक सुरक्षा भत्ता सम्बन्धी विभिन्न ऐन, नियमाली तथा कार्यविधि सम्वन्धी जानकारी भएको
- व्यक्तिगत घटना दर्ता सम्बन्धी विभिन्न ऐन, नियमाली तथा कार्यविधि सम्वन्धी जानकारी भएको
- IRIS Device मसिन संचालन गरी लाभग्राहीहरुको वायोमेट्रीक लिने
- Finger Sincere मसिन संचालन गरी लाभग्राहीहरुको वायोमेट्रीक लिने
- राष्ट्रिय परिचय पत्र नम्बर मार्फत सामाजिक सुरक्षा भत्तामा आवद्ध हुने

## सिकाइ उपलब्धी

मिति २०८२/१२/१० गते धनगढी-३, चटकपुर स्थित होटल सितार एण्ड रेष्टुरेन्ट प्रा.लि.मा IRIS Device संचालन, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ का विषय तथा व्यक्तिगत घटनादर्ता सम्बन्धमा अभिमुखिकरण तालिमका क्रममा भएका सिकाई उपलब्धीहरु निम्नानुसार रहेका छन् ।

- सामाजिक सुरक्षा भत्ता सम्बन्धी विभिन्न ऐन, नियमाली तथा कार्यविधि सम्वन्धी जानकारी भयो
- व्यक्तिगत घटना दर्ता सम्बन्धी विभिन्न ऐन, नियमाली तथा कार्यविधि सम्वन्धी जानकारी भयो
- IRIS Device मसिन संचालन गरी लाभग्राहीहरुको वायोमेट्रीक लिन सक्षम भइयो
- Finger Sincere मसिन संचालन गरी लाभग्राहीहरुको वायोमेट्रीक लिन सक्षम भइयो
- राष्ट्रिय परिचय पत्र नम्बर मार्फत सामाजिक सुरक्षा भत्तामा आवद्ध गराउन सक्षम भइयो

## सारांश तथा सुझावहरु

नेपालमा सामाजिक सुरक्षा भत्ता वितरणमा बायोमेट्रिक डिभाइसले अत्यन्त महत्वपूर्ण भूमिका खेलेको छ । यसले पुरानो म्यानुअल प्रणालीलाई सुधार गरी वितरण प्रक्रियालाई आधुनिक, सुरक्षित र विश्वासयोग्य बनाएको छ । बायोमेट्रिक डिभाइसले सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बढी सुरक्षित, पारदर्शी, छिटो र प्रभावकारी बनाएको छ। यसले विशेषगरी भ्रष्टाचार घटाउने र वास्तविक लाभग्राहीसम्म सेवा पुऱ्याउने काममा ठूलो योगदान दिएको छ।

१. लाभग्राहीको सही पहिचानः औँठाछाप वा अनुहार पहिचान (फेस रिकग्निसन) प्रयोग गरेर वास्तविक लाभग्राही नै भत्ता लिन आएको हो भन्ने सुनिश्चित गर्छ ।

२. धोखाधडी नियन्त्रण : नक्कली व्यक्तिले भत्ता लिने, मृत व्यक्तिको नाममा रकम झिक्ने, वा दोहोरो भत्ता लिने जस्ता समस्या कम भएका छन् ।

३. पारदर्शिता र विश्वास वृद्धि : डिजिटल प्रमाणीकरणका कारण वितरण प्रक्रिया स्पष्ट हुन्छ र जनतामा सरकारप्रति विश्वास बढ्छ ।

४. छिटो र सहज सेवा : बैंक वा मोबाइल उपकरणमार्फत तुरुन्त प्रमाणीकरण गरी भुक्तानी गर्न सकिन्छ, जसले समय र श्रम बचत गर्छ ।

५. अभिलेखको डिजिटल व्यवस्थापन : सबै लाभग्राहीहरूको विवरण सुरक्षित रूपमा डिजिटल प्रणालीमा राखिन्छ, जसले डेटा व्यवस्थापन र अनुगमन सजिलो बनाउँछ।

६. दूरदराजमा सेवा विस्तार : मोबाइल बायोमेट्रिक उपकरण प्रयोग गरेर गाउँ-गाउँमा पुगेर सेवा दिन सकिन्छ, जसले पहुँच बढाउँछ ।


७. उत्तरदायित्व र निगरानी : कसले, कहिले, कहाँ भत्ता लियो भन्ने विवरण सुरक्षित हुने भएकाले अनियमितता भएमा सजिलै पत्ता लगाउन सकिन्छ ।

प्रतिवेदक
चेत बहादुर बेहरा
ना.सु.














# गरिब घरपरिवार व्यवस्थापन सूचना प्रणाली (PHMIS) सम्बन्धी तालिम प्रतिवेदन

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
दर्ता नं... ६६१८
मिति:... ८८।१२।२०

**तालिम अवधि:** २०८२/१२/२३ देखि २०८२/१२/२५ सम्म
**स्थान:** काठमाडौं

---

## १. पृष्ठभूमि

गरिब तथा विपन्न घरपरिवारको यथार्थ पहिचान, वर्गीकरण तथा लक्षित सेवा प्रवाहलाई प्रभावकारी बनाउन नेपाल सरकारले **गरिब घरपरिवार व्यवस्थापन सूचना प्रणाली (PHMIS)** सञ्चालनमा ल्याएको हो। यस प्रणालीमार्फत गरिब घरपरिवारसम्बन्धी तथ्याङ्कलाई डिजिटल रूपमा व्यवस्थित गरी सामाजिक सुरक्षा तथा विकास कार्यक्रमलाई लक्षित, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्य राखिएको छ।

सोही सन्दर्भमा प्रणालीको प्रयोग, व्यवस्थापन तथा कार्यान्वयन क्षमता अभिवृद्धिका लागि काठमाडौंमा तालिम सञ्चालन गरिएको हो।

---

## २. भ्रमणको उद्देश्य

- PHMIS प्रणालीको संरचना तथा कार्यप्रणालीबारे ज्ञान प्राप्त गर्नु
- प्रणालीमा घरपरिवार दर्ता, अद्यावधिक तथा व्यवस्थापन गर्ने सीप विकास गर्नु
- गरिब घरपरिवार पहिचान तथा वर्गीकरण प्रक्रिया बुझ्नु
- डिजिटल तथ्याङ्क व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्नु
- स्थानीय तहमा प्रणाली प्रभावकारी रूपमा लागू गर्न सक्षम बनाउनु

---

## ३. सम्पादित कार्यहरू

- तालिममा सक्रिय सहभागिता जनाइएको
- PHMIS प्रणालीको प्रयोगात्मक अभ्यास गरिएको
- घरपरिवार दर्ता, खोज, सम्पादन तथा रिपोर्टिङ कार्यहरू अभ्यास गरिएको
- समूहगत छलफल तथा केस स्टडीमा सहभागिता गरिएको

- प्रशिक्षकहरूसँग समस्या समाधान सम्बन्धी अन्तरक्रिया गरिएको

---

## ४. सिकाइ उपलब्धिहरू

- PHMIS प्रणाली सञ्चालन सम्बन्धी व्यावहारिक ज्ञान प्राप्त भयो
- तथ्याङ्क इन्ट्री, अद्यावधिक तथा रिपोर्ट निर्माण गर्ने क्षमता विकास भयो
- गरिब घरपरिवार पहिचान तथा वर्गीकरण प्रक्रिया स्पष्ट रूपमा बुझियो
- डिजिटल प्रणालीको प्रयोगबाट सेवा प्रवाह प्रभावकारी हुने कुरा बुझियो
- स्थानीय तहमा कार्यान्वयन गर्दा देखिने चुनौती र समाधानबारे ज्ञान प्राप्त भयो

---

## ५. बजेट तथा खर्च विवरण (टीकापुर नगरपालिका)

**कुल बजेट:** रु. १४,६०,०००

| शीर्षक | रकम (रु.) |
|---|---|
| तथ्याङ्क सङ्कलन (१७ गणक) | ११,५१,१५० |
| संचार खर्च | ११,९०० |
| अनुगमन खर्च | ९,००० |
| दैनिक भत्ता खर्च | ७,००० |
| यातायात खर्च | २,०४,००० |
| अन्य खर्च | बाँकी विनियोजन अनुसार |

---

## ६. सारांश

२०८२/१२/२३ देखि २०८२/१२/२५ सम्म काठमाडौंमा सम्पन्न PHMIS सम्बन्धी तालिम अत्यन्त उपयोगी, व्यावहारिक तथा ज्ञानवर्द्धक रहेको पाइयो। साथै, टीकापुर नगरपालिकाको बजेट व्यवस्थापनअनुसार गणक परिचालन तथा तथ्याङ्क सङ्कलन कार्यलाई प्राथमिकता दिइएको देखिन्छ, जसले कार्यक्रमको सफल कार्यान्वयनमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।


---

## ७. सुझावहरू

- PHMIS प्रणाली सम्बन्धी नियमित पुनर्ताजगी तालिम सञ्चालन गर्नुपर्ने
- दक्ष प्राविधिक जनशक्ति व्यवस्थापन गर्नुपर्ने
- उपकरण, इन्टरनेट तथा प्राविधिक पूर्वाधार सुनिश्चित गर्नुपर्ने
- तथ्याङ्क नियमित अद्यावधिक गर्ने प्रणाली अनिवार्य गर्नुपर्ने
- अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्ने

निवेदक
सुमित कोइराला
सूचना प्रविधि अधिकृत




ctrc@123#
central -> role assign-> local level
local level -> role assign -> ward
local level creator -> role assign,data entry,
gunaso sunuwai
verifier/approver -> verify
Sign up
Document details
Ward